प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय

धनकुटा, कोशी प्रदेश, नेपाल

पत्र संख्या:- यो. २०८१/८२
चलानी नं. – 9024

नेपाल सम्वत ११४४

मितिः- २०८१।०४।२८

**विषयः सा.व.उ.स. को स्थायी लेखा नम्बर लिने सम्बन्धी सार्वजनिक आव्हान।**

**श्री सबै सा.व.उ.स.**
**धनकुटा।**

प्रस्तुत विषयमा नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८१ को बुँदा नं. २२ मा स्थायी लेखा नम्बर नलिएको भए स्थायी लेखा नम्बर लिई आ.व. २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर सम्बत् २०८१ साल फाल्गुण मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुने तथा सो बुझाएमा सोभन्दा अधिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु नपर्ने साथै बुँदा नं. २३ मा स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेका करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम सम्बत् २०८१ साल फाल्गुण मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुने भनी लेखि आएको हुँदा यस जिल्लामा रहेका सा.व.उ.स. हरुले २०८१ फाल्गुण मसान्तसम्म करदाता सेवा कार्यालय धनकुटामा तपसिलका कागजातहरु सहित स्थायी लेखा नं. को लागि निवेदन दिई सा.व.उ.स. को नाममा स्थायी लेखा नम्बर लिनुहुन सम्पूर्ण सा.व.उ.स. लाई आव्हान गरिन्छ।

**तपसिल**

- सा.व.उ.स. को निवेदन
- स्थायी लेखा नम्बर लिने सम्बन्धी सा.व.उ.स. को निर्णय
- डिभिजन वन कार्यालय धनकुटाको सिफारिस
- आ.व. २०७८/७९ र २०७९/८० को लेखापरिक्षण प्रतिवेदन
- सा.व.उ.स. दर्ता प्रमाणपत्रको प्रतिलिपि
- सा.व.उ.स. को विधानको प्रतिलिपि
- सा.व.उ.स. अध्यक्षको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि

भरत बाबु श्रेष्ठ
डिभिजनल वन अधिकृत

नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई
कार्यान्वयन गर्न बनेको विधेयक

२०८१

सङ्घीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं।

२३. <u>आय विवरण बुझाउन बाँकी करदातालाई छुट दिने सम्बन्धी व्यवस्था:</u> स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुनेछ।

२२. <u>करको दायरामा आउनेलाई छुट दिने सम्बन्धी व्यवस्था:</u> (१) कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिम आय विवरण र सो बमोजिम लाग्ने कर बुझाएमा सोभन्दा अघिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु पर्ने छैन।

२३. <u>आय विवरण बुझाउन बाँकी करदातालाई छुट दिने सम्बन्धी व्यवस्था:</u> स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुनेछ।